# प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५

*(सम्वत् २०८१ साल पुष मसान्तसम्मका संशोधन मिलाइएको)*

लुम्बिनी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल।

**प्रदेश आकस्मिक कोष सञ्चालन ऐन ,२०७५**

**प्रमाणीकरण र प्रकाशन मिति**

२०७६/०१/०८

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ — २०७८/०९/०१

सम्वत् २०७५ सालको ते अ. ०५

×..... **प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐंन**

**प्रस्तावनाः** प्रदेश सभाबाट स्वीकृत विनियोजित रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरी सुव्यवस्थित ढंगले त्यस्तो कोषको सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

* लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "×.... **प्रदेश आकस्मिक कोष संचालन ऐन, २०७५**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"आकस्मिक कार्य"** भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, महामारी लगायतका प्राकृतिक तथा गैर प्राकृतिक

---

× प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको,

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधन गरिएको,



moljaclumbini.gov

विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) **"प्रदेश आकस्मिक कोष"** भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ।

(ग) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

३. **<u>प्रदेश आकस्मिक कोषको स्थापना</u>:** प्रदेश आकस्मिक कोषको नामबाट एउटा कोष स्थापना गरिने छ।

४. **<u>प्रदेश आकस्मिक कोषमा जम्मा गरिने रकम</u>:** प्रदेश सञ्चित कोषबाट विनियोजित रकम झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ।

५. **<u>प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

६. **<u>प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ।

७. **<u>प्रदेश आकस्मिक कोषको सञ्चालन</u>:**(१) प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालयबाट हुनेछ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ।



moial.lumbini.gov

८. **<u>आकस्मिक कोषबाट खर्चको निकासाको माग</u>:**(१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछः-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश मन्त्रिपरिषद् समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सो को जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. **<u>खर्चको रकम सोधभर्ना गर्नु पर्ने</u>:** (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको

moial.lumbini.gov

प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ।

१०. **<u>आकस्मिक कार्य पूरा भएको सूचना गर्ने</u> :** आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय एकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ।

११. **<u>खर्च नभएको रकम प्रदेश संचित कोषमा दाखिला गर्ने</u> :** (१) प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय एकिन गरेको मितिले पैंतीस दिन भित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि उक्त अधिकारीले सोको जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई दिनु पर्नेछ।

१२. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u> :** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

moial.lumbini.gov

# अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**आकस्मिक कोष सम्बन्धी अभिलेख**

आकस्मिक कोषको रकम रु. ............................ अक्षरेपी.......................................

| क्र.सं. | आकस्मिक कार्यको विवरण | विनियोजन शीर्षक | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | आकस्मिक कार्य पूरा भएको मिति | आकस्मिक कार्य पछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको खर्च | पेश्की सोधभर्ना रकम | पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृतको

दस्तखत .................................

मिति: ...................



moial.lumbini.gov